# गैडहवा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

गैडहवा-३ विष्णुपुरा, रुपन्देही लुम्बिनी प्रदेश

प.सं.०७७/०७८ प्रथम पटक प्रकाशित मितिः २०७७ बैशाख ६ गते

च.नं

**व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा विवरण तथा गुनासो दर्ता गर्न वडा स्तरीय दर्ता शिविर सञ्चालन सम्बन्धी दरभाउपत्र आव्हानको ७ (सात) दिने सार्वजनिक सूचना ।**

नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको परिपत्रानुसार व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध बिच्छेद ), सामाजिक सुरक्षा (नयाँ दर्ता,लगत कट्टा ) तथा यस सम्बन्धी गुनासो दर्ता कार्यलाई अनलाईन MIS प्रणालीमा व्यवस्थित गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित गरिएकोले ईच्छुक फर्मबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र खरिद गरी देहायको मिति र समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि गाउँकार्यपालिकाको सूचनापाटी, वेभसाइट www.gaidahawarmun.gov.np तथा कार्यालय समय भित्र यस गाउँ कार्यपालिकाको कार्यालयको पञ्जीकरण शाखामा सम्पर्क राख्न सकिनेछ । <u>दरभाउको विवरण</u>

| दरभाउपत्र नं. | कामको विवरण | शिलबन्दी दरभाउपत्र रकम रु. | धरोटी रकम रु. | दरभाउपत्र खरिद दस्तुर |
|---|---|---|---|---|
| (NP-DOCR-184870-NC-RFQ) | घटना दर्ता शिविर सञ्चालन | १२,१२०००।०० | ३०३००।०० | रु.१०००/- |

**शर्तहरुः**

१.दरभाउ पत्र खरिद २०७८/०१/१२ गतेसम्म कार्यालय समय भित्र गैडहवा गाउँपालिकाको कार्यालय, गैडहवा-३ विष्णुपुरा रुपन्देहीबाट गर्न सकिनेछ । खरिद भएका दरभाउ पत्रहरु २०७८/०१/१३ गतेका दिन अपरान्ह १२:०० बजे भित्र गैडहवा गाउँ कार्यपालिकाको कार्यालय गैडहवा-३, रुपन्देहीमा दर्ता गर्न सकिनेछ, दर्ता भएका दरभाउ पत्रहरु सोही दिनको २:०० खोलिनेछ साथै सो दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता गरिने र दरभाउ पत्र खालिने छ ।

२.सेवा खरिद गर्नका लागि निवेदक वा परामर्शदाताले फर्म, संस्था वा कम्पनीको दर्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व.२०७६/०७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपि तथा आवश्यक जनशक्ति तथा उपकरणहरुको विवरण संलग्न राखी शिलबन्दी दरभाउ पत्र फारम खरिद गर्न सकिनेछ ।

३.दरभाउ पत्रदाताले खामको बाहिर पट्टी दरभाउपत्र नं., दरभाउको विवरण र नाम पुष्टि बुझिने गरी लेख्नु पर्नेछ ।

४.धरौटी बापत यस गैडहवा गाउँ कार्यपालिकाको कार्यालय गैडहवा-३, विष्णुपुरा रुपन्देहीको नाममा रहेको एन.आई.सी.एसिया बैंक गैडहवा शाखाको 110CA50014816004 धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने बिडबण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ । शिलबन्दी दरभाउपत्रका साथ जमानत बापतको रकम नगद राखेमा मान्य नहुनुका साथै जमानत वापतको नगद रकम जफतसमेत गरिनेछ ।

५.दरभाउ पत्र स्वीकृत भए पश्चात कबोल गरेको रकम र सोमा लाग्ने कर दाखिला गरी आवश्यक कागजात सहित कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्नेछ ।

६.दरभाउ पत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएको शिलबन्दी दरभाउ पत्र फिर्ता तथा संशोधन हुनेछैन ।

७.रितपुर्वक दाखिला भएका दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । साथै कुनै शर्त सहितको दरभाउ पत्र स्वीकार हुने छैन ।

८.प्रचलित नियमानुसार कालोसुचीमा परेका, गाउँपालिका कार्यालयलाई बुझाउनुपर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको दरभाउ पत्र कुनै कार्यवाही हुने छैन ।

९.यस सुचनामा उल्लेख भएका शर्तहरु लगायत यस गाउँ कार्यपालिकाको निर्णयनुसार दिइने सुझाव यस ठेक्का प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत